

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १० गते बुधबार ❑ 25 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरामा बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस



पोखराको फेवातालको सिरान भाग फेवाफाँट र लौरुक क्षेत्रमा यति वेला विभिन्न १५ देशका रंगी बिरङ्गी बेलुन उड्नाले पर्यटकलाई आकर्षण गरेको छ।

पर्यटनको राजधानि पोखरामा मंगलबारदेखि सुरु भएको बिवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सव २०८१ मा १५ देशका बेलुन पाइलटहरुले पोखराको आकाशमा बेलुन उडान गर्दा सो क्षेत्रमा पर्यटकहरुलाई आकर्षण गरेको हो । पोखराका पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषद र बेलुन नेपाल प्रा.लि. को संयुक्त आयोजनामा पोखराको फेवाफाँट तथा लौरुक क्षेत्रमा उक्त महोत्सव सुरु भएको हो । ९ दिन संचालन हुने महोत्सवमा १५ देशका बेलुन पाइलट सहभागि भएको बेलुन नेपाल प्रा.लि.का अध्यक्ष बिक्रम वाडेले बताउनु भयो । पोखराको आकाशमा एकै पटकमा १७ वटा हर्ट एयर बेलुन आजबाट उड्न सुरु भएको अध्यक्ष वाडेले जनाउनुभयो । पोखरामा साहसिक खेलकुदकोमाध्यमबाटपर्यटनप्रबर्द्धन गर्ने उद्धेश्यले आयोजना हुने महोत्सवमा नेपाल सहित अमेरिका, बेलायत, स्पेन, लिथुआनिया, थाइल्याण्ड, भियतनाम, फ्रान्स, नेदरल्याण्ड, कोरिया, जापान, मलेसिया, इटली, ब्राजिल, अष्ट्रेलियन देशका बेलुन सहित बेलुन पाइलटहरुको सहभागि हुने भएको आयोजकले जनाएको छ। नेपालमा पहिलो पटक आयोजना भएको उक्त महोत्सवको स्थानिय संयोजकको रुपमा फेवा क्लब रहेको छ भने महोत्सव पोखरा २३ र २४ मा पर्ने फेवाफाँटमा हुदै छ भने बिहानको बेलुन उडान लौरुकबाट हुदैछ । क्रिसमस र अंग्रेजी नयाँ वर्षको अवसर पारेर हुन लागेको महोत्सवमा नेपालका चर्चीत राष्टिय देखि स्थानिय कलाकारको प्रस्तुती हुने भएको पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनुभयो।

महोत्सव अवधिमा बिहान ६:०० बजे देखि ९:०० बजेसम्म र बेलुका ४:०० बजे देखि ०६:०० बजे सम्म विभिन्न देशको प्रतिनिधित्व गर्दै बेलुन पाइलटहरूले हट एयर बेलुनको उडान गर्नुहुने छ भने बेलुका ७:०० बजे देखि ०८:०० बजे सम्म बेलुन नाईट ग्लो: गरिने भएको प्रतियोगिताका संयोजक सविन मर्हजनले बताउनु भयो । उक्त महोत्सवमा डिहिकोपाटनवाट निःशुल्क सटल बसको व्यबस्था गरिएको उहाँले जनाउनु भयो । महोत्सवमा हरेक दिन सांगीतिक कार्यक्रम, फुड स्टल, मेला र विभिन्न खेल समेत हुदै छ। महोत्सवमा राष्ट्रिय कलाकारहरू दीपक बज्राचार्य, राजु लामा, एलिना चौहान, कुमार सागर, कबिता नेपाली, काटुन क्रुज, बेली नृत्य लगायत थप स्थानीय कलाकार र व्यान्डले सांगीतिक प्रस्तुति दिने भएको परिषदका अध्यक्ष पहारीले जनाउनुभयो।

महोत्सवको विशेष आकर्षणको रुपमा सूर्योदय र सूर्यास्त बेलुन उडान: पोखराको फेवाताल, अन्नपूर्ण हिमाल र वरिपरिका गाउँहरूको सुन्दर दृश्य, नाइट बेलुन ग्लो: बेलुनहरू रातको आकाशमा झिलिमिली गर्दै, आगो खेल, क्रिसमस इभ, काठमाण्डौंको कुमारी नृत्य र वर्ज योगीनी लगायतका कार्यकम प्रस्तुतः हुने भएको आयोजकले जनाएको छ।

महोत्सवमा डिसेम्बर २४ देखि २६ तारिकसम्म विभिन्न व्याण्ड सहितको प्रस्तुती रहने भएको छ भने महोत्सवमा २७ देखि ३१ तरिखसम्म बेलुन उडान तथा विभिन्न सास्कृतिक कार्यक्रम हुने भएको छ। जनवरी १ तारिखमा सांगितीक कार्यक्रम प्रस्तुती सहित कार्यक्रम समापन हुनेछ। साथै महोत्सवमा विभिन्न खानाका परिकार सहितका अन्य केही स्टलहरु समेत रहने भएका छन् । बि. वाई.डी. को मुख्यः प्रायोजनमा हुने महोत्वसलाई सफल पार्न पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार प्रबर्द्धकमा रहेका छन । बेलुका हुने कार्यक्कममा कुर्सिमा बसेर अवलोकनको लागि निश्चित शुल्क निर्धारण गरिएको छ भने खुल्ला रुपमा प्रबेश निशुल्क गरिएको अध्यक्ष वाडेले पोखरापत्रलाई बताए । बिहान व्यवसायी बेलुन उडान हुन्छ एक जना नेपाली पर्यटकहरुको शुल्क भने ११ हजार रुपैया लाग्ने कम्पनीले जनाएको छ । यसैबिच, यही पौष १७ गते (जनवरी १ तारिख) सम्म आयोजना हुने उक्त महोत्सवको एक समारोहका बिच गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्दै प्रदेशको राजधानि पोखरामा साहासिक खेलकुदको केन्द्र नै भएको बताउनुभयो । पोखराको पर्यटन प्रबर्द्धनमा साहसिक खेलकुद गतिविधिले महत्वपूर्ण भुमिका खेल्दै आएको सन्र्दभमा पहिलो पटक आयोजना भएको अन्तराष्ट्रिय बेलुन महोत्सवले पोखराको साहसिक खेलकुदको केन्द्र बनाउन एउटा इट्टा थप्ने बताउनु भयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव गणेश प्रसाद पाण्डेले पोखरामा उक्त महोत्सवले आन्तरिक पर्यटकलाई आकर्षण गर्ने बताउनु भयो। उक्त महोत्सवका ब्राण्ड एम्बेसडर महानायक राजेस हमालले पोखराको पर्यटन प्रबर्द्धनमा हर्ट एयर बेलुन महोत्सव नयाँ गन्तव्य हुने बताउनु भयो । पोखराको फेवातालमा हुने डुंगा सयर देखि सुरु भएको साहसिक खेल गतिविधि हाल धेरै बढेको उहाँले दाबी गर्नु भयो। पोखराको भकुण्डेदेखि विभिन्न जनजातिको भेषभुषा सहितको झाँकी समेत प्रर्दशन भएको परिषदका महासचिव जीवनराम सापकोटाले बताउनु भयो । पोखरा पर्यटन परिषदका निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा यस्ता महोत्सवले पोखराको पर्यटन क्षेत्रमा नयाँ ब्राण्ड थपिने हुदा यसलाई निरन्तरता दिन सुझाव दिनुभयो।

## सहकारी ठगी प्रकरणमा प्रतिवादीहरूको बयान जारी

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित पाँच प्रतिवादीलाई बयानका लागि अदालतमा पेस गराइएकामा प्रतिवादी छविलाल जोशीको बयान मंगलबार सकिएको छ।

नेपाल प्रहरीकापूर्वअतिरिक्तमहानिरीक्षक (डीआइजी) समेत रहनुभएका जोशीको जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा दुई दिन लगाएर बयान लिइएको अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो । जोशीको बयान सकिएपछि अर्का प्रतिवादी लीला पछाइको बयान सुरु गरिएको उहाँले बताउनुभयो।

पछाइको बयान सकिएपछि इजलासले तोकेअनुसार अर्का प्रतिवादीको बयान सुरु हुने सूचना अधिकारी अधिकारीले बताउनुभयो । सहकारी ठगी मुद्दामा लामिछाने, जोशी, पछाइ, कृष्णबहादुर गुरुङ र रामबहादुर खनाललाई बयानका लागि सोमबार अदालतमा उपस्थित गराइएको थियो । सबै प्रतिवादीको बयान सकिएपछि मात्र थुनछेकको बहस र आदेश हुने जनाइएको छ।

यसअघि आइतबार जिल्ला सरकारी वकिलको कार्यालयले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेलगायत विरुद्ध मुद्दा दायर गरेको थियो।

## संसदमा पनि कांग्रेस–एमालेको संयुक्त कार्यदल गठन

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेले संसदमा पनि संयुक्त कार्यदल गठन गरेका छन्।

संसदको सञ्चालन र त्यहाँ छलफल गरिने विजनेसबारे सहजीकरण गर्नेगरी संयुक्त कार्यदल बनाइएको एमाले सचिव एवं संसदीय मामिला विभाग प्रमुख योगेशकुमार भट्टराईले बताए । 'विचाराधीन अवस्थामा रहेका सबै विधेयक पारित गर्ने वातावरण बनाउनेगरी हामीले कार्यदल बनाएका हौं' उनले भने, 'यो कार्यदलले विचाराधीन विधेयकहरुमाथि संसदमा छलफल गर्ने, सहमति नजुटेका विषयलाई शीर्ष तहमै छलफल चलउने, संसदमा भएका अरु दलहरुसँग छलफल गर्ने जस्ता काम गर्नेछ ।' कार्यदलमा दुवै दलका संसदीय मामिला विभाग प्रमुख, प्रतिनिधि सभाका प्रमुख सचेतक, सचेतक र राष्ट्रिय सभाका प्रमुख सचेतक रहनेछन् । कांग्रेसमा संसदीय मामिला विभाग प्रमुख जीवन परियार छन् भने एमालेमा योगेश भट्टराई छन् । संसदीय फाँटको काममा सहजीकरण गर्नेगरी संयुक्त कार्यदल बनाउने निर्णय भएको मंगलबारको छलफलमा दुवै दलका दोस्रो तहका नेताहरु सहभागी थिए । यो छलफलमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्रममन्त्री आरजु राणा देउवा थिए भने एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, उपमहासचिव एवं प्रधानमन्त्री प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल सहभागी थिए।

सरकारको समग्र काममै सहजीकरण गरिरहेको कार्यदलमा रहेका यी नेताहरु बाहेक संसदीय फाँटका जिम्मेवारीमा दुवै दलका नेताहरु आजको छलफलमा सहभागी थिए। 'आजको छलफल संसदलाई कसरी प्रभावकारी बनाउने भन्नेमा केन्द्रित रह्यो । कार्यदल बनाइएकाले अब हामी संसदमा कोरम नपुग्ने, विधेयकहरु पारित गर्न समस्या हुने जस्ता विषयमा केन्द्रित भएर काम गर्छौं', भट्टराईले भने।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१



### आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## 'तमू ल्होसार' सप्ताहव्यापी रूपमा मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

गुरुङ समुदायले तमू ल्होसार सप्ताहव्यापी रूपमा मनाउने भएका छन्।

तमू ल्होसार मूल आयोजक समितिले मंगलबार पत्रकार सम्मेलन गरी नयाँ वर्षका रूपमा मनाइने ल्होसार विभिन्न कार्यक्रम गरी सप्ताहव्यापी रुपमा मनाउन लागिएको जानकारी दिएको हो।

'तमू थातथलोको संरक्षण र सम्वर्द्धनका लागि मौलिक पहिचानको आह्वान, सरकारी कामकाजी भाषाका रूपमा तमू भाषा घोषणाका लागि तमूवान आन्दोलन' भन्ने मूल नाराका साथ आजदेखि १५ गतेसम्म ल्होसार मनाउन लागिएको समितिका महासचिव रामबहादुर गुरुङले जानकारी दिनुभयो।

तमु ल्होसार पर्व विशेषगरी पुस १५ गते गुरुङ समुदायले एकआपसमा भेटघाट, शुभकामना आदानप्रदान, घरमा पूजा, सांस्कृतिक विधिसहित मनाउने परम्परा रहेको उहाँले बताउनुभयो । गुरुङ समुदायले यसवर्ष गरुड वर्गको बिदाइ तथा सर्प वर्गको स्वागत गरी ल्होसार मनाउन लागेका हुन्। एक हप्तासम्म शुभकामना आदानप्रदान, चियापान, पुस्तक विमोचन तथा स्रष्टा सम्मान, खेलकुद कार्यक्रम, लोकदोहोरी प्रतियोगिता, रक्तदान, झाँकी कार्यक्रम, सांस्कृतिक कार्यक्रम र सरकारका विशिष्ट अतिथिको आतिथ्यतामा औपचारिक समारोह आयोजना गरिने महासचिव गुरुङले जानकारी दिनुभयो।

# स्याङ्जाको कोल्मामा सम्पन्न पाँचौ संस्करणको क्रस कन्ट्रीमा आर्मीको बर्चस्व

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

स्याङजाको कोल्मामा आयोजित क्रस कन्ट्री दौड प्रतियोगितामा आर्मीले बर्चस्व जमाएको छ।

सात सय कोल्मा बहाकोट सम्पर्क मञ्चले आयोजना गरेको क्रस कन्ट्री दौडको उपाधि नेपाली सेनाका धावक करण रावलले जितेका हुन। 'स्वास्थ्यका लागि दौड, राष्ट्रका लागि दौड' भन्ने मूल नाराका साथ आयोजना गरेको राष्ट्रिय स्तरको क्रसकन्ट्रीमा रावलले २५ किलो मिटर दुरी १ घण्टा २७ मिनेट ५२ सेकेण्डमा पार गर्दै उपाधि सहित नगद ५० हजार, ट्रफी र मेडल हात पारे।

क्रसकन्ट्रीमा नेपाली सेनाकै टंक बहादुर कार्कीले १ घण्टा ३२ मिनेट ९ सेकेण्डमा निर्धारित दुरी पार गर्दै दोश्रो स्थान हाँसिल गरेभने निर्धारित दुरी १ घण्टा ३२ मिनेट ५६ सेकेण्डमा पार गर्दै रमेश लिम्बुले तेश्रो स्थान हांसिल गरे। काकीले नगद ४० हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेभने लिम्बुले नगद ३० हजार, ट्रफी, मेडल र प्रमाणपत्र हात पारे।



पुतलीबजार नगरपालिका-९ कोल्मा बराहचौरबाट सुरु सतीडाँडा, काउले, थुम्की डाँडा, जिमिरे मन्दिर हुँदै पुन बराहचौरमा आएर टुङ्गिएको हो।

त्यसैगरी २१ वर्षमुनिका पुरुषतर्फ १० किलोमिटर क्रस कन्ट्री दौडको उपाधि सनम गुरुङले हात पारे। निर्धारित दुरी ४६ मिनेट ३५ सेकेन्डमा पार गर्दै गुरुङले उपाधी सहित नगद १५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे उपविजेता सल्यानका रुद्र बुढाथोकीले ५० मिनेट १४ सेकेन्डमा दूरी पार गरे। उप बिजेता बुढाथोकीले नगद १० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा गोर्खाका अशोक बरामले निर्धारित दुरी ५१ मिनेट ५१ सेकेण्डमा पार गर्दै तेश्रो स्थान सहित नगद ५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। खुला महिलातर्फ १० किलोमिटर क्रसकन्ट्री दौडमा रविना बुढामगरले एक घण्टा १२ मिनेट २६ सेकेन्डमा पूरा गर्दै उपाधि हात पारिन। बुढामगरले उपाधि सहित नगद १५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरिन उपविजेता विमला मानन्धरले एक घण्टा १५ मिनेट २८ सेकेन्डमा दूरी पूरा गरेर नगद १० हजार, ट्रफी, मेडल र प्रमाणपत्र हात पार्न सफल भइन। प्रतियोगिताको अर्को विद्या विद्यार्थीतर्फ पाँच किलोमिटर दौडमा कोल्मा बराहचौरका विधार्थीको समूह विजेता र उपविजेता बन्दा जनजागृती माध्यमिक विद्यालयको समूहले तेस्रो स्थान प्राप्त गरे। रिले दौडको विजेताले नगद १२ हजार, ट्रफी, मेडल र प्रमाणपत्र, उपबिजेताले नगद आठ हजार, ट्रफी, मेडल र प्रमाणपत्र र तेश्रो स्थान हाँसिल गर्नेले नगद चार हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्न सफल भए। प्रतियोगिताका विजेतालाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र राज पाण्डे, गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्मा, सात सय कोल्मा सम्पर्क मञ्चका अध्यक्ष सुवेदार मेजर दुत प्रसाद गुरुङ, गण्डकी प्रदेशका पूर्व मन्त्री द्धय दीपक चर्ती मगर, मेखलाल श्रेष्ठ, पुतली बजार नगरपालिकाका प्रमुख तुलसीराम रेग्मी, उपमेयर देवी अर्याल लगायतले पुरस्कार वितरण गरेका थिए। सो अवसरमा वोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटकीय सम्भावना बोकेको कोल्मामा खेलकुदको बिकासका लागि आगामी आर्थिक बर्षको बजेटमा रातो किताबमै समेटेर बजेट निकासा गर्ने प्रतिवद्धता ब्यक्त गरे। त्यसैगरी कोल्माकोट र कोल्मामा निर्माणाधिन बौद्ध गुम्बाको लागि समेत गण्डकी प्रदेश सरकारले सहयोग गर्ने वताए।

# संगम सहकारी गण्डकी प्रदेशमै उत्कृष्ट

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

पोखरा १५ रामबजारको प्रधान कार्यालय र न्यूरोडको सेवा केन्द्र मार्फत आफ्नो कार्यक्षेत्र कास्की जिल्लाभर सेवा दिइरहेको संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेड गण्डकी प्रदेशमै उत्कृष्ट भइ सम्मानित भएको छ।

गण्डकी प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाको रुपमा दर्ता भइ कारोबार गरिरहेका सहकारीहरु मध्येबाट संगम सहकारीले उत्कृष्टता हाँसिल गरि सम्मान पत्र प्राप्त गरेको हो। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून ) को ३७औं स्थापना दिवसको अवसरमा देशका सातै प्रदेशबाट उत्कृष्ट सातवटा सहकारी छनौट गर्ने क्रममा गण्डकी प्रदेशबाट संगम सहकारी उत्कृष्ट घोषित भएको थियो। सोही घोषणा बमोजिम हालै बुटवलमा भएको नेफ्स्कूनको ३३औं वार्षिक साधारण सभामा प्रमुख अतिथि नेपाल सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले उत्कृष्ट भएकोमा बधाई एवं शुभकामना दिदै संगम सहकारीका अध्यक्ष नब राज तिवारीलाई सम्मान पत्र प्रदान गरेका छन्। यस अघि २०७८ सालमै कास्की जिल्लाको उत्कृष्ट सहकारीको अवार्ड पाउन सफल संगम सहकारीले नेफ्स्कूनबाट कास्की जिल्लाको उत्कृष्ट सदस्य संस्थाको सम्मान, राष्ट्रिय सहकारी बैंकद्वारा उत्कृष्ट कारोबारी संस्थाको सम्मान, कास्की बचत तथा ऋण सहकारी संघबाट उत्कृष्ट ब्यवस्थापक अवार्ड लगायतका थुप्रै सम्मान र पुरस्कारहरु प्राप्त गरिसकेको छ। कास्की जिल्ला उत्कृष्ट भएको तीन वर्षको अन्तरालमै यस सहकारीले गण्डकी प्रदेशकै उत्कृष्टताको सम्मान प्राप्त गर्नु गौरवको विषय भएको सो अवसरमा उपस्थित सेयर सदस्यहरुको भनाइलाई उदृत गर्दै सल्लाहकार संयोजक निरज थापाले बताए। नेफ्स्कूनको सहकारी स्तरिकरण गर्ने प्रोबेसन कार्यक्रममा बिगत सात वर्षदेखि सहभागी हुँदै आएको संगम सहकारी नीति, बिधि र प्रविधिमा चलेको सहकारी संस्था हो। कूल ६३ करोड वासलात रहेको सहकारीको ४५ करोड बचत, ४८ करोड कर्जा लगानी र ८.९८ प्रतिशत संस्थागत पूँजी रहेको छ भने पोखरा १५ मा जग्गा समेत खरिद गरिसकेको छ।सहकारीका मुल्य मान्यता र सिद्धान्तमा चलेको यस सहकारीले विभिन्न समिति, उपसमिति मार्फत सामाजिक उत्तरदायित्वका कामहरु गर्नुका साथै सदस्य केन्द्रित कारोबारलाई बढी जोड दिएको छ।




# चन्दा आतङ्क बन्द गरौं: एस पि ओलिया

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरिक्षक श्यामबाबु ओलियाले कास्कीमा चन्दा आतंक व्याप्त रहेको बताउँदै यसलाई बन्द गर्नुपर्ने वताएका छन।

मंगलबार लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै एस पि ओलियाले जिल्लामा चन्दा आतंक रोक्न व्यवसायीहरु लाग्नुपर्ने वताए। उनले राज्यलाई नियमपुर्वक कर तिरिरहेका व्यवसायीहरुले विभिन्न बहानामा चन्दा दिन नहुने पनि वताए। एस पि ओलियाले सुरक्षा र आर्थिक विकास अर्न्तसम्बन्धीत रहेको र सुरक्षा व्यवस्था चुस्त दुरुस्त रहेको ठाउँमा आर्थिक क्रियाकलाप पनि फस्टाउने वताउँदै व्यवसायीहरुलाई ढुक्क भएर व्यवसाय सञ्चालन गर्ने वातावरण बनाउन जिल्ला प्रहरी कार्यालय कास्की सधैं तत्पर रहेको वताएका थिए। उनले चन्दा आतंक बाहेक पनि जिल्लामा चेक बाउन्सका मुद्धा, अनलाई स्क्याम, सवारी दुर्घटना हुने क्रम वढ्दो रहेको र जिल्ला भित्रिने नाकाहरुमा डिजिटल चेक पोष्टको आवश्यकता रहेको वताउँदै यसमा व्यवसायीहरुसँग मिलेर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए।




कार्यक्रममा ईलाका प्रहरी कार्यालय डाँडाकोनाकका प्रमुख प्रहरी नायब उपरीक्षक श्रवण कुमार वि.क.लाई पनि स्वागत गरिएको थियो। उक्त अवसरमा लेखनाथ उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले लेखनाथ क्षेत्रको विकासमा विगतदेखी संघले खेलेको भुमिकाको बारेमा जानकारी गराउँदै व्यवसायीहरुका विभिन्न समस्याहरुका विषयमा जानकारी गराउँदै सहजीकरणको लागी आग्रह गरेका थिए।

यसै गरि संघका अध्यक्ष विनोद श्रेष्ठले स्वागत एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दै जिल्लामा शान्ति सु-व्यवस्था राम्रो हुँदै गएको र यहि पुस १८ गतेदेखी आयोजना हुने २०औं लेखनाथ महोत्सवमा पनि सुरक्षा व्यवस्था प्रभावकारी बनाईदिन आग्रह गरेका थिए। संघका अध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव जानुका अधिकारीले र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले गरेका थिए।

# एकीकृत समाजवादीको गण्डकी प्रदेशको अधिवेशन पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गण्डकी प्रदेशको प्रथम अधिवेशन यही पुस १९ र २० गते पोखरामा हुने भएको छ।

अधिवेशनले नयाँ कार्यसमिति निर्वाचित गर्ने पार्टीका केन्द्रीय सचिव तथा गण्डकी प्रदेश कमिटीका अध्यक्ष श्रीनाथ बरालले जानकारी दिनुभयो। उहाँले अधिवेशनलाई सम्पन्न गर्न प्रदेश कमिटी, सबै उपसमिति र पार्टी सदस्यहरूलाई जिम्मेवारी दिएको जानकारी दिनुभयो। पार्टीले आगामी फागुनभित्रमा सबै प्रदेश अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको छ। अहिलेसम्म कर्णाली प्रदेश अधिवेशन सम्पन्न गरिएको छ। पार्टीले हालै नेताहरुको जिम्मेवारी हेरफेर तथा कार्यविभाजन सम्पन्न गरेको छ।


# श्री भद्रकाली माध्यमिक विद्यालय

**कुँडहर, पोखरा-१३**

## सुरक्षा गार्ड आवश्यकता

यस श्री भद्रकाली माध्यमिक विद्यालय, पोखरा-१३, कुँडहरका लागि करारमा **सुरक्षा गार्ड** आवश्यकता परेकोले इच्छुक सुरक्षा गार्ड पदायक कम्पनीहरू तथा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

१. विज्ञापन नं. १/२०८१
२. पद संख्या : १
३. न्यूनतम शैक्षिक योग्यता : कक्षा ८ उत्तीर्ण
४. उमेर : १८ पूरा भई ५० वर्ष ननाघेको
५. आवश्यक कागजातहरु :
नेपाली नागरिकताको प्रमाण पत्र र तालिम प्रमाणपत्रहरुको प्रतिलिपि
६. तलब : आपसी समझदारीमा
७. दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति : २०८१/०९/१६ गते
(३:०० बजे भित्र)
८. सम्पर्क मिति : २०८१/०९/१७ गते।
९. परीक्षाको किसिम : अन्तरवार्ता।
१०. रीत नपुगी र म्याद नाघी आएको दरखास्त मान्य हुने छैन।
११. थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नुपर्ने छ
वा ९८४६०५९४९१ मा सम्पर्क गर्न सकिने छ।
(पुनश्चः भू.पू. प्रहरी तथा सैनिकलाई विशेष प्राथमिकता दिइनेछ।)

यदुराज पगेनी
प्रधानाध्यापक


# वालिङ क्षयरोग मुक्त अभियानमा

श्रीकृष्ण सिग्देल
स्याङ्जा ९ पुस

नेपाल सरकारको क्षयरोग मुक्त मुलुक घोषणा गर्ने अभियानलाई साकार पार्न वालिङ नगरपालिकाले विभिन्न कार्यक्रमहरु गर्दै आएको छ।

क्षयरोग रोग मुक्त नगर घोषण गर्ने अभियान अन्तर्गत वालिङ नगरपालिका स्वास्थ्य शाखाले अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको हो। स्याङ्जाका वालिङसगै भीरकोट, गल्याङ र पुतलीबजार नगरपालिका पनि क्षयरोग मुक्त नगर बनाउने अभियानमा छन्। पहिलो चरणको अभिमुखीकरण कार्यक्रम देशभरका १५० स्थानीयतहमा लागु गरिएको वालिङ नगर स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेले जानकारी दिए। वालिङलाई जति छिटो क्षयरोग मुक्त नगर घोषण गर्ने तयारीलाई तिब्र बनाइएको छ। जसका लागि पहिलो पटक एआई मार्फत छातीको एक्सरे गर्ने काम पनि सम्पन्न गरेको स्वास्थ्य शाखा प्रमुख पाण्डेले बताए। एआईबाट छातीको एक्सरे गर्ने शिविरमा ५ जनामा क्षयरोग पत्ता लागेको छ। अहिले वालिङ नगर स्वास्थ्य शाखाले बार्षिक ११८ जना क्षयरोगी पत्ता लगाउने लक्ष्य राखेको र चालु आर्थिक बर्षमा ३० जनामा क्षयरोग पहिचान भएको पाण्डेको भनाई छ। सन् २०१८–१० को सर्वेक्षण अनुसार ५० प्रतिशत मानिसहरुमा क्षयरोग जिवाणु देखिएको थियो। जसमध्ये सक्रिय जिवाणु देखिएकोलाई स्वास्थ्यकर्मीको निगरानीमा औषधी खुवाएर निको बनाउन सकिने स्वास्थ्यकर्मीहरु बताउछन्। वालिङमा आयोजित अभिमुखिकरणमा स्वास्थ्यकर्मी र पोषण सहजकर्ताले सहभागिता जनाएका छन्। अभिमुखीकरणमा सहजकर्ताको भुमिका गह्रौ प्राथमिक अस्पतालका डट्स फोकल पर्सन तथा सूचना अधिकारी उदयबहादुर पौडेल, प्रयोशाला प्रमुख इश्वर कोइराला लगायतले गरेका थिए। नेपाल सरकारले सन् २०५० सम्ममा नेपाललाई क्षयरोग मुक्त देश घोषणा गर्ने लक्ष्य अनुसार देशका ७ सय ५३ पालिकालाई क्षयरोग मुक्त पालिका घोषण अभियान शुरु गरेको छ। यही अभियान अनुसार वालिङ नगरपालिकाले विगत ३ बर्षदेखी क्षयरोग मुक्त पालिका बनाउने अभियान अनुसार काम गर्दै आएको छ। गतबर्ष ७९ जनामा क्षयरोग देखिएको र उनीहरुको औषधी सेवनबाट निको हुनेक्रम बढ्दो रहको नगरपालिकाले जनाएको छ।



# ट्रक दुर्घटनामा दुईको मृत्यु

**रासस**
दमौली, ९ पुस

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-१ आँधीखोलामा मंगलबार बिहान ईँटा बोकेको ट्रक दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।

ट्रक चालक उदयपुरका ३० वर्षीय भेषराज पराजुली र सहचालक रौतहटका २८ वर्षीय विजय विश्वकर्माको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक मुनेन्द्र थापाले जानकारी दिनुभयो। डुम्रेबाट आँबुखैरेनी जाँदै गरेको बा प्र ०१-००१ य १६५९ नम्बरको स्करपियोलाई विपरीत दिशाबाट आउँदै गरेको ए २-०३००-१ केएच २४४८नम्बरको ट्रकले ठक्कर दिएको थियो।

ठक्कर पश्चात् स्करपियो सडकमै रहेको र ट्रक पुलकोबीच भागबाट खसेर दुर्घटनाग्रस्त भएको थियो। स्करपियोमा सवार चार जना सकुसल रहेको प्रहरीले जनाएको छ। दुर्घटनाग्रस्त ट्रकलाई क्रेनको सहायताले तानिएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# संयन्त्रलाई कामयावी बनाऊ

सरकारको काम कार्वाहीलाई प्रभावकारी बनाउन संयन्त्र बनाएका काङ्ग्रेस र एमालेले संसदमा पनि संयन्त्र बनाएका छन।संविधान संशोधन गर्नका लागि दुई दल मिलेर सरकार बनाउनु परेको प्रचार गरेको पाँच महिनापछि बल्ल संविधान संशोधन बारे संयन्त्रमा छलफल भएको छासंयन्त्रमा छलफल पछि बल्ल संविधान संशोधनको बारेमा राजनीतिक बृतमा बहस हुनेछ । काङ्ग्रेसमा संस्थापन इतर पक्षले सरकारको आलोचना शुरु गरेपछि संविधान संशोधनका बारेमा संयन्त्रमा छलफल भएको छासरकारको काम कार्वाही प्रभावकारी बनाउन दुवै पार्टी पंक्ति परिचालित भएको छैन । सरकारमा हुने र बाहिर बस्ने बीचको खाडल चर्किएको छ। यसले संसदका काम कार्वाहीमा सघाउ पुऱ्याउन सकेको छैन। संसदीय समितिको बैठक बस्न नसक्ने र बिचाराधिन विधेयक समितिमा अड्किने अवस्था अन्त्य गर्न सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेले संसदमा पनि संयुक्त कार्यदल गठन गरेका छन्।

संसदको सञ्चालन र त्यहाँ छलफल गरिने विजनेसबारे सहजीकरण गर्नेगरी संयुक्त कार्यदल बनाइएको एमाले सचिव एवं संसदीय मामिला विभाग प्रमुख योगेशकुमार भट्टराईले जानकारी गराएका छन । 'विचाराधीन अवस्थामा रहेका सबै विधेयक पारित गर्ने वातावरण बनाउनेगरी काङ्ग्रेस एमालेले कार्यदल बनाएका छन ।, 'यो कार्यदलले विचाराधीन विधेयकहरुमाथि संसदमा छलफल गर्ने, सहमति नजुटेका विषयलाई शीर्ष तहमै छलफल चलउने, संसदमा भएका अरु दलहरुसँग छलफल गर्ने जस्ता काम गर्नेछ ।' कार्यदलमा दुवै दलका संसदीय मामिला विभाग प्रमुख, प्रतिनिधि सभाका प्रमुख सचेतक, सचेतक र राष्ट्रिय सभाका प्रमुख सचेतक रहनेछन् । कांग्रेसमा संसदीय मामिला विभाग प्रमुख जीवन परियार छन् भने एमालेमा योगेश भट्टराई छन् ।

संसदीय फाँटको काममा सहजीकरण गर्नेगरी संयुक्त कार्यदल बनाउने निर्णय भएको छलफलमा दुवै दलका दोस्रो तहका नेताहरु सहभागी थिए । छलफलमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवा थिए भने एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, उपमहासचिव एवं प्रधानमन्त्री प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल सहभागी थिए। सरकारको समग्र काममै सहजीकरण गरिरहेको कार्यदलमा रहेका यी नेताहरु बाहेक संसदीय फाँटका जिम्मेवारीमा दुवै दलका नेताहरु छलफलमा सहभागी थिए। छलफल संसदलाई कसरी प्रभावकारी बनाउने भन्नेमा केन्द्रित रहने गरेको छ । कार्यदल बनाइएकाले अब संसदमा कोरम नपुग्ने, विधेयकहरु पारित गर्न समस्या हुने जस्ता विषयमा केन्द्रित भएर काम गर्नुपर्छ।संसदका काम कार्वाही छिटो र व्यवस्थित हुन सके सरकारले काम गर्दैछ भन्ने सन्देश जानेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : आर्थिक समस्या |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# महिलालाई लोकसेवा तयारी कक्षा

**पोखरापत्र संवाददाता**
स्याङ्जा ९ पुस



सामाजिक विकास कार्यालय स्याङ्जाले महिलालाई सरकारी सेवामा पहुँच बढाउने उदेश्यले एक महिने निशुल्क तयारी कक्षा संचालन गरेको छ। गतमंसिर ११ गते देखि संचालन गरेको निःशुल्क लोकसेवा तयारी कक्षामा ४६ जना महिलालाई तालिम दिएको हो । महिलाहरुलाई निजामती सेवामा सहभागी गराउन र उनीहरूको क्षमता विकास गर्ने उद्देश्यले सामाजिक विकास कार्यालय स्याङ्जाले उक्त कक्षा संचालन गरेको थियो।

निःशुल्क कक्षामा अप्राविधिक तर्फको राजपत्र अनंकित द्वितीय, सहायक स्तर चौथो तहको पाठ्यक्रममा आधारित रहेर ६० वटा कक्षा संचालन गरिएको सामाजिक विकास कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले जानकारी दिए। सरकारी सेवामा महिलाको पहुँच बढाउन सहज होला भन्ने उदेश्य हो प्रमुख पौडेलले भने,' निशुल्क प्रशिक्षणले महिलालाई आर्थिक बोझ पनि नपर्ने र क्षमता विकास गर्ने अवसर पनि मिल्नेछ ।' पढ्दै गरेका महिला विद्यार्थीलाई यस्ता कक्षाले लोक सेवामा थप मदत पनि मिल्ने छ उनले भने । सामाजिक विकास कार्यालय स्याङ्जाले लोक सेवा कक्षा सगै अन्य रचनात्मक क्रियाकलापहरु पनि गर्दै आएको छ। जसले गर्दा समाजमा भइपरी आउने समस्या समाधानमा निकै महत्वपुर्ण मिलेको बताइएको छ। कार्यालयले सूचनाको आधारमा ४० जना महिला विद्यार्थीको कार्ययोजना भएपनि निवेदन दिएका सबैलाई कक्षामा सहभागी गराइएको प्रमुख पौडेलले बताए। जिल्लाका ११ओटै पालिकाबाट सहभागी नभएपनि आगामी बर्षदेखी अनलाइन र फिजिकल दुवै तर्फबाट कक्षा संचालन गरिने योजना रहेको कार्यालयले जनाएको छ । सहभागीहरुलाई लोकसेवा सम्वन्धी किताव सगै अन्य शैक्षिक सामाग्री र झोला उपलब्ध गराएको थियो। जसले सहभागी विद्यार्थीहरुलाई थप मदत गर्ने विश्वास कार्यालयको छ । निशुल्क लोकसेवा कक्षा संचालन गरेर महिलालाई प्रथामिकतामा राखेकोमा स्याङ्जाकी प्रमुख जिल्ला अधिकारीले सामाजिक कार्यालयको प्रशंसा गरेकी छन् । विद्यार्थीहरुको निरन्तर मेहनतबाट सफलता मिल्नेमा यस्ता तालिमले अझै सहजता प्रदान गर्ने प्रजिअ नेपालले बताइन् ।

लोकसेवा परीक्षामा महिलाहरुलाई निकै सकस हुने गर्छ प्रजिअ नेपालले भनिन्,बिषय बस्तुमा तालिका बनाएर अभ्यास गरिरहने हो भने अवश्य सफल भइन्छ ।' महिला लक्षित यस्ता तालिमहरुलाई निरन्तरता दिन सकियो भने लोक सेवामा महिलाको पहुँच पुराउन टेवा मिल्ने छ प्रजिअ नेपालले भनिन्।

लोकसेवा तयारी कक्षा संचालनले हामीलाई निकै सहयोग गरेको सहभागी पषिक्षार्थीहरुले बताएका थिए । तालिममा सहभागी ४६ जना महिला विद्यार्थीलाई प्रमाणपत्र समेत वितरण गरिएको सहयाक प्रशासकीय अधिकृत द्रोण प्रसाद पनेरुले जानकारी दिए।

# छोम्रोङमा ११ गतेदेखि 'सेन्चुरी ल्होसार मेला'

**पोखरापत्र संवाददाता**
पोखरा ९ पुस



अन्नपूर्ण गाउँपालिका -११ छोम्रोङमा सेन्चुरी युवा क्लबले '२३ औं सेन्चुरी ल्होसार मेला' आयोजना गर्ने भएको छ।

तमु समुदायको महान् पर्व ल्होसार/ल्होछारको अवसरमा यही पौष ११ गतेदेखि १४ गतेसम्म ल्होसार मेला आयोजना गरिने क्लबका वरिष्ठ सल्लाहकार राजकुमार गुरुङले जानकारी दिए । उनले संस्कृतिको संरक्षण, खेल तथा पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यसहित विगत लामो समयदेखि ल्होसार मेला सञ्चालन गर्दै आएको बताए । 'हामीले विगत लामो समयदेखि ल्होसार मेला गर्दै आएका छौ, उनले भने, 'यो वर्षपनि पुषको ११ गतेदेखि मेला राखेका छौ। यसले खेलकुदको विकाससँगै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएका छौं।'

उनका अनुसार सो मेलामा मुख्य आकर्षणको रुपमा भलिबल प्रतियोगिता, बास्केटबल प्रतियोगिता समावेश गरिएको छ। उनले पुरुष भलिबल तथा बास्केटबल दुवौ प्रतियोगिताको विजेता टिमलाई ८० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने बताए।

उनका अनुसार दोस्रो र तेस्रो हुने टिमले क्रमशः ५० हजार र २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन । दुवै खेलमा टिम सहभागिता जनाउन दर्ता शुल्क ५ हजार निर्धारण गरिएको छ । मेलालाई थप आकर्षक बनाउन विभिन्न साँस्कृतिक कार्यक्रमसमेत हुने आयोजकले जनाएको छ।

# मौसम बदली : बादलले ढाके पनि वर्षा कम, बुधबारदेखि सुधार हुने

**रासस**
काठमाडौं ९ पुस

नेपालमा आइतबार रातिदेखि सुदूरपश्चिम क्षेत्रबाट सुरू भएको मौसम बदलीले मंगलबार देशका धेरै जसो स्थानमा प्रभाव पारेको छ।

पश्चिम न्यूनचापीय प्रणालीका कारण आकासमा बादल टम्म लागे पनि वर्षा भने न्यून परेको छ । यद्यपि काठमाडौँ उपत्यकालगायत केही स्थानमा आज सामान्य वर्षा भएको छ । काठमाडौँमा पनि साँझ सामान्य पानी परेको छ । मंगलबार राति पनि खासै वर्षा हुने अवस्था नरहेको तर बदली भएको क्षेत्रको उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात र हल्का वर्षा गराउने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालले जानकारी दिनुभयो। भोलिदेखि भने मौसम सुधार हुँदै जाने पनि उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले कर्णाली, गण्डकी र बागमती प्रदेशमा बदली भई बादल लागेको छ। लुम्बिनीमा आंशिक बदली छ। बागमतीमा पहाडी र हिमाली क्षेत्रमा बढी र कोसीको पश्चिम भू-भागमा बादल रहेको अर्यालले राससलाई बताउनुभयो । सुदूरपश्चिममा आंशिकदेखि साधारण बदली रहेको उहाँले बताउनुभयो । मौसमविद् अर्यालले भन्नुभयो, "खासै पानी परेको देखिँदैन । पश्चिमा गएको २४ घण्टामा डडेलधुरामा नौ मिलिमिटर, दिपायलमा चार मिलिमिटर पानी परेको छ, उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात र कतैकतै हल्का वर्षा भएको छ। राति पनि हल्का हिमपात र वर्षा हुने देखिएको छ । भोलिदेखि क्रमिक सुधार हुने देखिन्छ ।" बिहीबारसम्म खुल्ने र शुक्रबार रातिदेखि फेरि अर्को प्रणाली आउने सम्भावना देखिएको पनि उहाँले बताउनुभयो। यो बदलीले देशैभरि चिसो भने बढाउने उहाँले बताउनुभयो । "हिउँ परेको ठाउँबाट आउने हावाले चिसो बढाउने हो, जता हावा जान्छ उतै बढी चिसो हुन्छ", अर्यालले भन्नुभयो । उहाँले बिहानको समयमा तराई तथा उपत्यका केही स्थानहरूमा हुस्सु/कुहिरोको सम्भावना रहेकाले दैनिक जनजीवन, स्वास्थ्य, यातायात तथा हवाई उड्डयनमा क्षणिक/आंशिक असर पर्नसक्ने हुनाले आवश्यक सतर्कता अपनाउन अनुरोध गर्नुभएको छ।

# थाइल्याण्ड, कम्बोडियालगायत देशमा जाँदा सावधानी अपनाउन आग्रह

**रासस**
काठमाडौं, ९ मंसिर

सरकारले म्यान्मा, थाइल्याण्ड, कम्बोडिया, लाओसलगायत मुलुकहरूमा जान चाहने वा जाने तयारीमा रहेका नेपाली नागरिकलाई तीनबुँदे यात्रासम्बन्धी सूचना (ट्राभल एड्भाइजरी) सार्वजनिक गरेको छ । परराष्ट्र मन्त्रालयले सोमबार ट्राभल एड्भाइजरी जारी गर्दै नेपाली नागरिकलाई सावधानी अपनाउन आग्रह गरेको हो।

आकर्षक तलब र सुविधा दिने भनी विभिन्न प्रलोभनहरू देखाइ नेपालमा रहेका तथा वैदेशिक रोजगार र अध्ययनको सिलसिलामा युएईसहित अन्य मुलुकमा रहेका नेपालीलाई थाइल्याण्डको बैंकक, याहुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यान्माको कायिन प्रान्तको म्यावडीमा लगी जबर्जस्ती अवैध कार्यमा लगाइएको पाइएको भन्दै सो सम्बन्धमा विगतमा पनि सचेत गराइएको मन्त्रालयले सूचनामार्फत स्मरण गरिएको छ।

पछिल्ला दिनमा मानव बेचबिखन एवं अन्य आपराधिक गतिविधिमा संलग्न गिरोहले नेपाली नागरिकलाई कम्बोडिया, लाओस र म्यान्मामा लगी जबर्जस्ती अवैध कार्यमा लगाउने गरेको सूचना प्राप्त भएको मन्त्रालयले जनाएको छ।

यस्तै, रोजगारदाताले राहदानी खोसिदिने, १२/१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायत समस्या रहेको सूचनाहरू आएका जानकारी गराउँदै उद्धारका लागि नेपाली राजदूतावास याहुन र बैंककमा आवेदन गर्ने नेपालीको सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि भइरहेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिने जोसुकै व्यक्तिलाई विदेशमा पुऱ्याई अलपत्र पार्ने, नेपाल सरकारको प्रचलित कानुनबमोजिम निषेध गरिएका कार्यमा संलग्न हुने वा यस किसिमले क्रियाकलाप गर्ने/गराउने कार्य कानुनबमोजिम दण्डनीय भएकाले यस्ता गैरकानुनी कार्य नगर्न/नगराउन र यसतर्फ सचेत रहन सम्बन्धित सबैमा परराष्ट्र मन्त्रालयले अनुरोध छ।

रोजगारीका अवसरको प्रलोभन देखाई युवालाई ठगी गरिरहेको र पीडितलाई गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यान्मा ल्याई बन्दी बनाएर काम गर्न लगाएको पाइएको तथा सामाजिक सञ्जालहरूमार्फत विभिन्न स्थानका एजेन्टद्वारा प्रस्तावित हुने भएकाले त्यस्ता सामाजिक सञ्जालमा प्रचार गरिएका नक्कली रोजगारीको प्रलोभनमा नपर्नसमेत आग्रह गरिएको छ।

"वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न हुन र रोजगारीको प्रस्ताव स्वीकार गर्नु अघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्म, कम्पनी र रोजगारदाताका बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्म, कम्पनी र रोजगारदाताको वेबसाइट जाँच गर्नुहुन अनुरोध गरिन्छ", सूचनामा भनिएको छ।

# बालकोट हत्या प्रकरण : बुबा र भाइको हत्या गरेको स्वीकार

**रासस**
काठमाडौं, ९ मंसिर

सूर्यविनायक नगरपालिका-२ बालकोट फिकाधारास्थित भाडाको घरमा कोठाभित्र मृत फेला परेका ५६ वर्षीय कुलप्रसाद आचार्य र उहाँका कान्छा छोरा २२ वर्षीय प्रवीण आचार्यको हत्या कुलप्रसादकै जेठो छोरा रुपेशले गरेको पाइएको छ। पक्राउपछि रुपेशले बुबा र भाइको हत्या आफूले गरेको प्रहरीसमक्ष स्वीकारेका छन्।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ घर भई हाल जिल्ला हुलाक कार्यालय खोटाङमा निमित्त कार्यालय प्रमुख रहेका कुलप्रसाद आचार्य र उनका कान्छा छोरा प्रवीणको गत शनिबार राति हत्या भएको थियो। हत्यापछि फरार रहेका रुपेशलाई प्रहरीले आज महाराजगञ्जबाट पक्राउ गरेको हो । अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईका अनुसार पक्राउ परेका रुपेशसँग बयान लिने कार्य जारी रहेको छ । उनलाई भक्तपुर प्रहरी परिसर पठाएको उहाँले बताउनुभयो । "प्रारम्भिक अनुन्धान र बयान क्रममा बुबा र भाइको हत्या कुलप्रसादकै जेठा छोरा रुपेशले नै गरेको पाइएको छ। बुबा र भाइबाट आफूमाथि तनाव बढेकाले हत्या गरेको उनले स्वीकार गरेका छन् । यसबारे थप अनुसन्धान भइरहेको छ", प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले भन्नुभयो। जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीका अनुसार बुबा र भाइको शनिबार राति हत्या गरेपछि आइतबार बिहान कोठामा ताल्चा लगाएर रुपेश स्कुटरमा फरार भएका थिए । जिल्ला प्रहरी परिसर भक्तपुरले आजै उनीमाथि कर्तव्य ज्यानको कसुरमा म्याद थप गरेर अनुसन्धान अगाडि बढाएको छ । जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख आचार्य गत मङ्सिर २८ गते बिदा लिएर छोराहरु बस्दै आएको स्थान बालकोट आएका थिए।

**पर्स हराएको सूचना**

मिति २०८१/०८/३० गते पोखरादेखि दाङ जाने रात्री बसमा नगद सहित जापानिज महत्वपूर्ण कागजपत्र हराएको हुदाँ फेला पार्नुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम: चन्द्र सुनार
ठेगाना: पोखरा-१४, शुभकामनाटोल
सम्पर्क: ९७०७८२८१०३

# 'तीस वर्षदेखि सुरक्षित सुत्केरी गराउँदै आउनुभएकी गुरुङ'

मधु शाही
लमजुङ, ९ पुस/रासस

मालिङ प्राथमिक अस्पतालको नयाँ भवनसँगै सुत्केरी कक्षमा 'बेवी वाम' मेसिन जडान भएपछि लमजुङको क्व्होलासोथार गाउँपालिकाकी सिनियर अनमी राजकुमारी गुरुङ निकै खुसी हुनुहुन्छ।

मालिङ प्राथमिक स्वास्थ्य चौकीमा ३० वर्षदेखि सुत्केरी सेवा प्रदान गर्दै आउनुभएकी उहाँले यसअघि नवजात शिशुलाई चिसोदेखि जोगाउन विगतमा निकै समस्या हुने गरेको सुनाउँदै 'बेवी वाम' (शिशुलाई न्यानो बनाउने उपकरण) जडान भएपछि खुसी लागेको बताउनुभयो।

"नवजात शिशुलाई जोगाउन हिटर बालेर गर्नुथ्र्यो । अब भने सुव्यवस्थित नवनिर्मित अस्पतालमा बेवी वाम उपकरण आएको छ", गुरुङले भन्नुभयो, "यो उपकरण पाएपछि बच्चाहरूलाई चिसोबाट बचाउन सकिन्छ। साँघुरो कोठामा सुत्केरी गराउँथ्यौँ, अहिले भवन पाउँदा दङ्ग छौँ।" पुस ४ गते लमजुङको क्व्होलासोथार गाउँपालिका-मा स्थित मालिङ प्राथमिक अस्पताल पूर्णरूपमा निर्माण सम्पन्न भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अस्पतालको उद्घाटन गरेसँगै स्थानीयस्तरमा गुणस्तरीय सेवा पाउउनेमा स्थानीय हर्षित छन् । यहाँकै स्थानीय हुनुहुन्छ सिनियर अनमी गुरुङको । तीस वर्षदेखि सुत्केरी गराउँदै आउनुभएकी उहाँ सुविधासम्पन्न सुत्केरी कक्षसहित आवश्यक उपकरण र नवजात शिशुलाई न्यानो बनाउने उपकरण पाएपछि खुसीले गदगद हुनुहुन्छ । यसअघि जोखिमपूर्ण अवस्थामा सुत्केरी गराउनुपरेको भन्दै अब सेवा प्रदान गर्न सहज हुनुका साथै आमा र शिशुलाई प्रभावकारी सुरक्षा दिन सकिने धारणा राख्नुभयो । गुरुङले अस्पतालको सुत्केरी कक्षमा रहेको बेवी वाम उपकरणलाई निकैबेर नियाल्नुभयो । नवजात शिशुका लागि आवश्यकपर्ने उक्त उपकरण पाउँदा उहाँले आफूले ३० वर्षदेखि सुत्केरी सेवा प्रदान गर्दा गाउँमा भोग्नुपरेको अनेक



चुनौतीहरू सम्झँदै सजह स्वास्थ्य सेवा पाएकामा हर्षित हुनुभयो । "तीस वर्षअघि गाउँमा सुडेनीले सुत्केरी गराउने चलन थियो । कुनै पनि घरमा सुत्केरी गराउँदा सुडेनीले नसकेका बेला मात्रै मलाई बोलाउने गर्थे", गुरुङले भन्नुभयो। "सधैँ स्वास्थ्यकर्मीको धर्म निर्वाह गर्दै आउनुभएकी गुरुङले चार/पाँच घण्टाको बाटो हिडेर घरदैलोमै सेवाका लागि पुग्नुहुन्थ्यो। कसैको 'नर्मल डेलिवरी' सुत्केरी हुन्थ्यो। कसैको पिसाब रोकिन्थ्यो। कसैको साल अड्किने, कसैको लामो अवधिसम्म सुत्केरी हुन नसक्ने अवस्था आउँथ्यो । राम्रो र सहज सुत्केरी हुनेबेला कसैले सम्झिँदैनथे। जब सुत्केरीमा जटिल अवस्था आउँथ्यो, तबमात्रै आफूलाई सम्झिने गर्दथे", उहाँले आफ्नो विगतको अनुभव सुनाउनुभयो। स्वास्थ्यकर्मी भएर प्रदान गरेको सेवाको अनुभवमा सम्झिँदा अझै पनि शरीर जिरिङ हुने थुप्रै क्षण रहेका गुरुङले बताउनुभयो । तीन दशकअघि एउटा घटना भयो, त्यो घटनाले उहाँलाई बारम्बार तर्साइरहन्छ । उहाँले अनुभव सुनाउँदै भन्नुभयो, "मङ्सिर महिना थियो, जाडो याम । समाज जातियताका हिसाबले अहिले जस्तो उदार थिएन। दलित समुदायलाई देख्दा साइत जुर्दैन भन्ने मान्यता भएको समाजमा दलितकै घरमा गएर सुत्केरी सेवा प्रदान गर्नु चुनौतीपूर्ण थियो ।" आफू स्वास्थ्य सेवा प्रवेश गरेसँगै मानव सेवामा जीवन समर्पित गर्ने अठोट सँगालेर अघि बढेकाले जस्तासुकै चनौती पनि सामना गर्ने हिम्मत आउने उहाँको अनुभव छ। गुरुङले एउटा स्वास्थ्यकर्मीको नजरमा न जात हुन्छ न धर्म हुने भन्दै मानवता र सेवा मात्र हुने बताउनुभयो । "दलित समुदायकी सुत्केरी छट्पटाइरहनुभएको थियो। मैले थाहा पाउनेबित्तिकै उहाँको घरमा पुगेँ । दुई दिनको लामो ब्यथापछि ती सुत्केरीले छोरा जन्माउनुभयो । छोरा पाएको भन्दै परिवार खुसी हुन थाले। आफन्ती र छरछिमेकीलाई सुनाउनु थाले । सुत्केरी गराए पनि म चिन्तित थिएँ। जन्मिएको नवजात शिशु निसास्सिएको अवस्थामा थियो । उसले श्वास फेर्न सकिरहेको थिएन । शिशु न रुन्छ, न आवाज निकाल्छ । मन आतिएको थियो", उदास हुँदै उहाँले सुनाउनुभयो । परिवारलाई बच्चाले श्वास फेर्न नसकेको यथार्थ बताएपछि सबै रुन थालेका भन्दै आफूले भने तुरुन्तै बच्चाको मुखमा आफ्नो मुख जुधाएर स्वास भनै थालेको गुरुङले उल्लेख गर्नुभयो। "झण्डै आधा घण्टापछि बच्चा चिच्याउँदै रुन थाल्यो। जब बच्चा रोयो परिवार सबै खुसीले हास्न थाले । आज एउटा नवजात शिशुलाई जीवन दिन पाएकामा म पनि खुसीले बच्चासँगै डाँको छोडेर रुन थालेँ", उहाँले भन्नुभयो । बच्चा रुँदा मन थाम्नै नसकेर आफू पनि सँगै रोएको उहाँको अनुभव छ । आफ्नो प्रणा भरेर जीवन दिएको बच्चा अहिले कक्षा ५ मा पढ्छ। गाउँकै स्कुलमा पढ्ने त्यो बालक देख्दा गुरुङको हृदय ममताले भरिन्छ। उहाँले भन्नुभयो, "उसको मुख हेर्छु । अनि मुस्कुराउँछु अनि भगवान्‌लाई धन्यवाद मात्रै भन्छु ।" गुरुङले स्वास्थ्यकर्मीका रूपमा आम्दनी गरेको अमूल्य सम्पत्ति भनेको आमा र बच्चाको सुरक्षा रहेको बताउनुभयो। सुत्केरी गराउने जिम्मेवारी आउँदा उहाँ चाडपर्वसमेत थाती राख्नुहुन्छ । एक दिनको दसैँमा उहाँ तीन दिन सुत्केरीको घरमा व्यस्त हुनुभयो । दसैँ सकियो। गुरुङ सुत्केरी गराएर मात्रै घरफर्किनुभयो। "दसैँ सकिएछ, पत्तै पाइनछु", उहाँले विगत सुनाउनुभयो । सरकारले अस्पतालमा आएर सुत्केरी गराएबापत एक जना बराबर रु दुई सय ५५ दिने गरेको छ।

गाउँमा सुत्केरी गराउन पुग्दा उहाँले गरीब परिवारका सुत्केरीलाई पैसा, लत्ताकपडा, खाना दिएर सघाँउनुभएको छ । "सुत्केरी भइसकेपछि एउटा सफा कपटाको टालोसमेत किन्न नसक्नेहरू पनि हुनुहुन्छ । यस्तो बेला आफैँले लुगाको व्यवस्था गरिदिने गरेकी छु", गुरुङले भन्नुभयो । कहिलेकाहीँ सुत्केरी गराउन नसकिने अवस्थामा जिल्ला अस्पतालसम्म पुर्‍याउन आवश्यक रकमसमेत जुटाइदिने गरेको उहाँले बताउनुभयो । "तुरुन्तै अस्पताल पठाउनु पर्छ भन्दा पैसा छैन भनेर रुन थाल्छन्", गुरुङले भन्नुभयो, "यस्तो बेला कहिलेकाँही आफैँले, कहिले अरुसँग जुटाएर खर्च व्यवस्थापन गरिदिने गर्छु, अधिकांशले इमान्दार भएर फिर्ता पनि गरिदिनुहुन्छ ।" गुरुङले सेवामा कहिल्यै हिसाबकिताब राख्नुहुन्न । उहाँलाई लाग्छ, स्वास्थ्यकर्मी भनेको व्यवसायभन्दा बढी समाजसेवी हो। अहिले पालिकामा व्यवस्थित भवनसहितको वर्थिङ सेन्टर खोलेपछि उहाँ खुसी हुनुहुन्छ । केही महिनाभित्रै पालिकामा एम्बुलेन्सको व्यवस्था हुँदैछ भन्ने खबरले गुरुङ थप उत्साहित हुनुहुन्छ। क्व्होलासोथार गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङले नवनिर्मित स्वास्थ्य अस्पताल व्यवस्थित बनाउन एम्बुलेन्ससहितको आवश्यक सामग्री जुटाउने प्रक्रियामा पालिका लागेको बताउनुभयो । उहाँले गुरुङजस्ता इमान्दार, मेहनती र आफ्नो सेवामा समर्पित स्वास्थ्यकर्मी स्वास्थ्य क्षेत्रका लागि सदैव आवश्यक पर्ने व्यक्ति हुन् भन्दै गुरुङको प्रशंसा पनि गर्नुभयो।

# पुराना घरमा नयाँ पुस्तालाई हुर्काइरहेकी 'महिला स्वयंसेविका'

पोखरापत्र संवाददाता
पोखरा ९ पुस

ढोरपाटन नगरपालिकाको बुर्तिबाङ बजार छेउमा छ- भगवती टोल । टोलमा परम्परागत घर नै रहेका छन् । तिनै पुराना घरमा हुर्किरहेका छन् ३५ बालबालिका। साथै टोलमा केही गर्भवती पनि रहेका छन्।

ढोरपाटन-१ स्थित सो टोलमा सशक्त आमा समूह छ 'मिलिजुली' । आमा समूहमा गर्भवती, सुत्केरी र उनीहरूका एकाघरका आमाहरूको जमघट छ । यो समूहको नेतृत्व भने महिला स्वयंसेविका चन्द्रकला भण्डारीले गर्नुहुन्छ।

उमेरले हजुरआमा पुस्ताकी उहाँ आमा पुस्ताभन्दा कम हुनुहुन्न। यो समूह गर्भवती, सुत्केरी तथा नवजात शिशुहरूको सुरक्षा र बालबालिका तथा आमाको पोषणका विषयमा छलफल गर्न बनेको हो । त्यसैले यहाँ हरेक महिनाको पहिलो शनिबार आमा जम्मा भएर स्वास्थ्यका विषयमा छलफल गर्छन्। समस्या भएकालाई स्वास्थ्य संस्था जान सल्लाह दिन्छन् । स्वास्थ्य स्वयंसेविकाले ल्याएका सन्देश सुन्छन्, बुझ्छन् र कार्यान्वयन गर्छन् । पोषणयुक्त खाना खान्छन् । तिनै खाना बनाउने अभ्यास गर्छन् र महिनाभरिको



तालिका बनाउँछन् । मिलीजुली स्वास्थ्य आमा समूहकी सदस्यसचिव चन्द्रकलाले हरेक महिना आमा र शिशुका लागि स्थानीय उत्पादनबाट बनेको पोषणयुक्त खाना निःशुल्क खुवाउने गर्नुभएको छ । "म आफैँले कहिले फर्सीको हलुवा त कहिले चना अण्डा बनाउँछु, कोदो, फापर, मकै भटमास गाउँमै फलेका पोषणयुक्त उत्पादनबाट खाना तयार गरेर महिनामा एक दिन निःशुल्क सबैलाई खुवाउँछु", उहाँ भन्नुहुन्छ, "आमाले शिशुलाई खुवाउने विषयमा सिकुन् भन्ने लाग्छ, उनीहरू सबैले घरमा त्यसैगरी खुवाउने गरेका छन् ।" समूहका आमामध्ये ३५ जनाका स-साना बालबालिका छन् । हरेक महिना एक-दुईजना बाहेक सबै समूहमा आउँछन् र चन्द्रकलाले तयार गरेको खाना खान्छन्। "यी सबै मेरा छोराछोरी हुन्, उनीहरू कुपोषणबाट जोगिए हाम्रो समज बलियो हुन्छ", उहाँले भन्नुभयो, "धेरथोर खर्च त हुन्छ तर म अन्य व्यवसायबाट त्यसको व्यवस्थापन गर्छु।"

चन्द्रकलाले दिने पोषणयुक्त खानाले आफूहरूलाई बालबालिकाका लागि खुवाउने पोषणयुक्त खाना बनाउन सहज भएको स्थानीय सृजना कुँवरले बताउनुभयो । ग्रामीण स्वास्थ्य सुधार परियोजनाले उहाँलाई प्रारम्भिक तालिम दिएको थियो । प्राथमिक स्वास्थ्य केन्द्र बुर्तिबाङका अनुसार उक्त टोलमा कोही पनि बालबालिका कुपोषित छैनन् । आमा समूहमा हुने छलफल, पूर्वतयारी र सक्रियताले आमा तथा बच्चाको स्वास्थ्य रक्षामा सहयोग पुगेको स्वास्थ्य केन्द्रले जनाएको छ।

# बन्दीपुरमा बास बस्ने पर्यटकको कमी

पोखरापत्र संवाददाता
दमौली ९ पुस

जिल्लाको पर्यटकीय नगरी बन्दीपुरमा बास बस्ने पर्यटकको सङ्ख्यामा कमी आएको छ । बन्दीपुर चिसो मौसममा पर्यटकीय गन्तव्यका रूपमा मानिन्छ । यो मौसममा यहाँ आउने आन्तरिक पर्यटक बढेपनि बास बस्नेको सङ्ख्यामा कमी आएको हो।

बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधानले बास बस्ने गरी आउने पर्यटक कम भएपनि घुमघाम गरेर सोही दिन फर्किनेको सङ्ख्या भने उल्लेख्य रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बास बस्ने गरी आउने पर्यटक 'प्याकेज'मा आउँछन् । घुमघामका लागि आउनेहरू दिनभर घुमेर साँझ फर्किने गरेका छन् ।" यतिबेला बन्दीपुरमा दैनिक पाँच सयभन्दा बढी पर्यटकको आगमन भइरहेको उहाँको अनुमान छ । सार्वजनिक बिदा र शनिबारका दिनमा भने पर्यटकको सङ्ख्या अझै बढी हुने उहाँले बताउनुभयो । बन्दीपुरमा विदेशी पर्यटकको आगमन पनि उल्लेख्य भइरहेको समितिका अध्यक्ष प्रधानले बताउनुभयो । उहाँका अनुसार अन्य मुलुकभन्दा चीनका पर्यटक बढी आउने गरेका छन् । साथै जापान, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक पनि आउने गरेका तथ्याङ्क समितिमा रहेको उहाँले जानकारी दिनुभयो । 'बन्दीपुर भ्रमण वर्ष २०२५' का संयोजक वैश गुरुङले गाउँपालिकाको पहलमा यहाँ आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन एक वर्षभरि विविध कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बन्दीपुर भ्रमण वर्ष घोषणा गरी यहाँ धेरैभन्दा धेरै पर्यटक भित्र्याउने अभियानमा लागेका छौँ। अङ्ग्रेजी नयाँ वर्षको अवसरमा यहाँ विशेष कार्यक्रम हुँदैछ । त्यसको तयारीमा जुटेका छौँ।" बन्दीपुर भ्रमण वर्ष-२०२५ को अवसरमा यहाँ पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । काठमाडौँ, पोखरा, चितवन, लुम्बिनीलगायत देशका मुख्य सहरमा पुगेर बन्दीपुरको प्रचारप्रसार गर्ने लक्ष्य लिइएको संयोजक गुरुङले बताउनुभयो । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थलहरू यहाँ आउने पर्यटकहरूको आकर्षण केन्द्रबिन्दु बन्ने गरेको उहाँले उल्लेख गर्नुभयो। सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किमीको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । यहाँबाट मनोरम हिमश्रृङ्खला, पहाड, टाकुरा र मनोरम प्राकृतिक दृश्य अवलोकन गर्न सकिन्छ। प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमश्रृङ्खला देखिने भएकाले यहाँ पर्यटकको आकर्षण बढेको संयोजक गुरुङले बताउनुभयो।

# जगगाको सदुपयोग गर्ने प्रमुख माध्यम किबीखेती, बागलुङको किबी बुटबलमा खपत

पोखरापत्र संवाददाता
पोखरा ९ पुस

बागलुङमा उत्पादित बहुगुणी फल किबी अन्य जिल्लामा खपत हुन थालेको छ।

अन्य जिल्लामा किबीले बजार र मूल्य नपाएको किसानले गुनासो गरिरहेको बेला यहाँको भकुण्डे, बिहुँ, बडिगाड, ढोरपाटन, निसीखोला र दुदिलाभाटीलगायत स्थानमा उत्पादन भएको किबी अन्यत्र हुन थालेको छ। मूल्यमा गिरावट आए पनि किबी अन्यत्रबाट माग आइरहेको किसानको भनाइ छ । जिल्लामा उत्पादन भएको किबी बुटवल,काठमाडौँ र पोखरालगायत स्थानमा बिक्री भइरहेको छ । विदेशमा समेत प्रशस्त उत्पादन हुने किबी बहुगुणी फलमध्येमा पर्छ । काठेखोला गाउँपालिका-५ बिहुँका खिमानद कँडेलले उत्पादन गरेको किबी बुटवल र काठमाडौँसम्म लैजान थालिएको छ । उहाँले किबी बिक्री गर्न थालेको दुई वर्ष भएको छ। कँडेलको १२ रोपनी क्षेत्रफलमा किबीखेती छ। यस्तै



काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछाने, बागलुङ नगरपालिका-९ का वडाध्यक्ष राजु थापाले समेत यस वर्ष किबी बजारमा पठाउनुभएको छ । एकपटकको लगानीले वर्षौँसम्म आम्दानी दिने बहुगुणी फल किबीप्रति यहाँका किसानको आकर्षण छ।

मूल्य सस्तो भए पनि पोखरा, काठमाडौँ, बुटवल तथा नारायणगढसम्म किबी खपत भइरहेको छ। यस वर्ष एक हजार केजी किबी काठमाडौँलगायत ठूला सहरमा बजारीकरण गरेको किबी किसान खिमानन्द कँडेलले जानकारी दिनुभयो । किबीको मूल्य क्रमशः घट्दै गए पनि उत्पादन बढ्दै गएको उहाँको भनाइ छ। प्रतिकेजी रु तीन सयमा बिक्री हुँदै आएको किबीले क्रमशः बजार पाउन थालेपछि यहाँका किसान उत्साहित छन् । पछिल्लो समय बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, खेतीयोग्य जग्गामा काम गर्ने जनशक्ति अभाव भइरहेका सन्दर्भमा जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबी बनेको छ। किबीको उत्पादन बढेपछि प्रतिकेजी रु छ सयबाट घटेर रु तीन सयमा झरेको भए पनि ठूला सहरमा किबीको माग रहेको वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो।

केही वर्ष पहिलासम्म बाहिरी जिल्लाबाट ल्याएर किबी बिक्री गर्दै आएका फलफूल व्यवसायी अहिले बागलुङकै गाउँगाउँमा उत्पादन भएको किबी बिक्री गर्न भ्याइनभ्याई भएको बताउँछन् । निसीखोला-४ स्थित लीला घर्तीले १२ रोपनी क्षेत्रफलमा उत्पादन गरेको किबी सोझै बुटवल लगिएको बताउनुहुन्छ।

एकपटक गरेको लगानीले वर्षौँसम्म उत्पादन दिने घर्तीको भनाइ छ। किबीको नियमित सेवनबाट गर्भवती, रक्तचाप, मुटु र रुघाखोकीलगायत बिरामीलाई विशेष फाइदा पुग्ने भएकाले पनि बजारमा यसको माग बढी भएको स्वास्थ्यकर्मीको भनाइ छ।

# 'स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्छ'

पोखरापत्र संवाददाता
दमौली ९ पुस

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय अध्यक्ष चन्द्रप्रसाद ढकालले मेला महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ।

तनहुँको भानुमा आजदेखि सुरू भएको प्रथम भानु नगर महोत्सवको उद्घाटन गर्दै अध्यक्ष ढकालले मेला महोत्सव स्थानीय वस्तुको बिक्री र बजारीकरणका लागि सहयोगी बन्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष ढकालले मेला महोत्सवले आर्थिक चलायमान बनाउन सहयोग पुग्ने बताउँदै आर्थिक समृद्धि अहिलेको मुख्य लक्ष्य रहेको बताउनुभयो । भानुमा आयोजित महोत्सवले नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको जन्मथलोलाई विश्वमाझ चिनाउन सहयोग पुग्ने उहाँको भनाइ थियो।

कार्यक्रममा भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष वैकुण्ठनाथ मिश्रलगायतले महोत्सव सफलताको शुभकामना व्यक्त गर्नुभयो। भानु नगर उद्योग वाणिज्य सङ्घको आयोजना तथा भानु नगरपालिकाको सहआयोजनामा सुरू महोत्सव पुस १९ गतेसम्म सञ्चालन हुनेछ । 'कला, साहित्य शिक्षा र पर्यटन कृषि व्यापार उद्योग भानुको पहिचान' भन्ने मूल नाराका साथ महोत्सव आयोजना गरिएको महोत्सव संयोजक कृष्णकुमार श्रेष्ठले जानकारी दिनुभयो।

श्रेष्ठले भानु नगरपालिका क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताउनुभयो। महोत्सवमा साना तथा घरेलु उत्पादनहरूलाई विशेष प्राथमिकता दिने श्रेष्ठको भनाइ थियो।

महोत्सवका प्रवक्ता लालकुमार श्रेष्ठले महोत्सवमा कृषि प्रदर्शनी, सांस्कृतिक प्रदर्शनी, औद्योगिकलगायत प्रदर्शनीहरू राखिएको बताउनुभयो । उहाँका अनुसार महोत्सवमा एक सय २० वटा कक्ष रहनेछन्। प्रवक्ता श्रेष्ठका अनुसार स्वदेशी र विदेशी पर्यटक गरी एक लाखभन्दा बढी पर्यटकले महोत्सव अवलोकन गर्ने अनुमान गरिएको छ।